जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १५४ • २०८३ साल कार्तिक ११ गते बुधबार (28 October, Wednesday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## सुक्खा बन्दरगाह तथा एकीकृत जाँचचौकी (आईसीपी) को स्थलगत अनुगमन

**टुडे समाचारदाता**

वीरगञ्ज । प्रतिनिधिसभा अन्तर्गतको पूर्वाधार विकास समितिका सभापति आशिष गजुरेल र सांसद अरविन्द साहले पर्साको वीरगञ्जस्थित सुक्खा बन्दरगाह तथा एकीकृत जाँचचौकी (आईसीपी) को स्थलगत अनुगमन गरेका छन् ।

बारा-३ का सांसद साहसहित पुगेका सभापति गजुरेलले सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडेलमा सञ्चालित दुवै बन्दरगाहको भौतिक पूर्वाधार, व्यवस्थापकीय प्रभावकारिता र सेवा प्रवाहको अवस्थाबारे जानकारी लिएका छन् ।

नेपाल इन्टरमोडल यातायात विकास समिति र नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेडबिच एकीकरण भएपछिको वस्तुस्थिति बुझ्न उनीहरूले यो अनुगमन गरेका छन् ।

अनुगमनका क्रममा टोलीले पारवहन तथा गोदाम व्यवस्थापन कम्पनीका सहायक प्रबन्धक कमल ज्ञवाली, सुक्खा बन्दरगाह सञ्चालक कम्पनी प्रिस्टिन भ्यालीका प्रमुख कार्यकारी अधिकृत राजीव मोहन झा र आईसीपी सञ्चालक कम्पनी टीआरएस लजिपार्कका व्यवस्थापक गणेशप्रसाद घिमिरेलगायतसँग छलफल गरेको थियो ।

सो छलफलका क्रममा सञ्चालक कम्पनीहरूले ढुवानी सेवालाई सहज बनाउन बन्दरगाहका प्रवेशद्वारहरू २४सै घण्टा सञ्चालन हुने व्यवस्था मिलाइदिन माग गरेका थिए । सञ्चालकहरूको माग सम्बोधन गर्दै सभापति गजुरेलले आवश्यक सहजीकरणका लागि भन्सार विभागका महानिर्देशकलाई अनुरोध गरेका छन् ।

अनुगमनका क्रममा सभापति गजुरेलले रेल पूर्वाधारको अधिकतम उपयोग गर्दै मालसामान ढुवानी प्रक्रियालाई सहज र प्रभावकारी बनाउन सम्बद्ध निकायलाई निर्देशन दिए । विशेषगरी नेपालमा रासायनिक मलको आपूर्ति व्यवस्थापनमा रेलमार्गको भूमिका अहम् हुने भएकाले मल आयातसँग सम्बन्धित भन्सार प्रक्रियालाई छिटो, छरितो र व्यवस्थित गर्न उनले निर्देशन दिए ।

प्राप्त तथ्यांक अनुसार वीरगञ्ज सुक्खा बन्दरगाहमा हाल मासिक औसत ११० वटा मालवाहक रेल आउने गरेको छ भने वीरगञ्ज एकीकृत जाँचचौकीबाट दैनिक औसत ८०० वटा मालवाहक सवारीसाधन आवतजावत हुने गरेका छन् । यी तथ्यांकले मुलुकको समग्र वैदेशिक व्यापार र आपूर्ति व्यवस्थापनमा वीरगञ्जका पूर्वाधारहरूको महत्त्वपूर्ण भूमिका रहेको देखाउँछन् ।

### रास्वपा धनुषाका सभापति यादव- एसपी खड्काबीच आरोप-प्रत्यारोप

## पारिवारिक विवादबाट शुरु भएको घटना प्रहरी वृत्तसम्म चर्चा, आरोप पुष्टि गर्न चुनौती

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) धनुषाका जिल्ला सभापति लक्ष्मेश्वर यादव र जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) रुपेश खड्काबीच आरोप-प्रत्यारोप चर्किएको छ । एक सार्वजनिक कार्यक्रममा सभापति यादवले प्रहरी प्रमुख खड्कामाथि घुसखोरी र दलालीको आरोप लगाएपछि खड्काले प्रेस विज्ञप्ति जारी गर्दै आरोप पुष्टि गर्न चुनौती दिएका छन् ।



पारिवारिक विवादबाट शुरु भएको यो घटनाले अहिले राजनीतिक तथा प्रहरी वृत्तमा चर्चा पाएको छ । दुवै पक्षका आ-आफ्ना दाबी सार्वजनिक भए पनि प्रहरीमाथि लगाइएको घुसखोरीसम्बन्धी आरोपको स्वतन्त्र पुष्टि भएको छैन ।

आइतबार रास्वपा धनुषाले आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा सभापति यादवले एसपी खड्कालाई 'घुसखोर' र 'दलाल' जस्ता शब्द प्रयोग गर्दै सार्वजनिक रूपमा आलोचना गरेका थिए ।

सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोमा यादवले सामान्य झगडाका घटनामा समेत आर्थिक लेनदेनका आधारमा प्रहरीले मुद्दा दर्ता गर्ने गरेको आरोप लगाएका छन् । आफूले त्यस्ता घटना प्रत्यक्ष नदेखे पनि दर्जनौं व्यक्तिबाट यसबारे जानकारी पाएको उनको दाबी छ ।

उक्त कार्यक्रममा धनुषा क्षेत्र नम्बर २ का सांसद रामविनोद यादव, क्षेत्र नम्बर ३ का सांसद मनिष झा र क्षेत्र नम्बर ४ का सांसद राजकिशोर महतोलगायत रास्वपाका नेता तथा कार्यकर्ताको उपस्थिति थियो ।

सभापति यादवको अभिव्यक्तिप्रति आपत्ति जनाउँदै एसपी खड्काले मंगलबार बिहान प्रेस विज्ञप्ति जारी गरेका छन् । सो विज्ञप्तिमा आफू र जिल्ला प्रहरी कार्यालयको नाम जोडेर लगाइएका आरोप आपत्तिजनक, भ्रामक र तथ्यहीन रहेको उल्लेख गरिएको छ ।

एसपी खड्काले आरोप पुष्टि गर्न चुनौती दिँदै अपुष्ट सामग्री सामाजिक सञ्जालमा शेयर नगर्न आग्रह गरेका छन् । घटनाबारे प्रचलित कानुनअनुसार अघि बढ्ने पनि उनले बताएका छन् ।

प्रहरी प्रमुखको विज्ञप्तिपछि विवादले थप चर्चा पाएको छ। एकातिर यादवले प्रहरीको कार्यशैलीमाथि प्रश्न उठाएका छन् भने अर्कोतिर खड्काले आरोपको प्रमाण माग्दै त्यसलाई अस्वीकार गरेका छन् ।

धनुषा प्रहरीले जनाए अनुसार हँसपुर नगरपालिका-८ स्थित भतही टोलका ५६ वर्षीय यादवले पारिवारिक महिला सदस्य हराएको भन्दै २०८३ असोज १७ गते जिल्ला प्रहरी कार्यालयमा खोजतलासका लागि निवेदन दिएका थिए ।

तर, अनुसन्धानका क्रममा ती महिला हराएकी नभई अदालतबाट विवाहको नाता कायम गराएर आफ्ना पतिसँग गएको खुलेको प्रहरीको भनाइ छ। प्रहरीका अनुसार काठमाण्डु जिल्ला अदालतबाट असोज ८ गते नै विवाहको नाता कायम भएको थियो भने असोज १४ गते ती महिला पतिसँग गएकी थिइन् ।

धनुषा प्रहरीले दुबै पक्षबीच कुराकानी गराउनुका साथै विवाहसम्बन्धी प्रमाण देखाएर घटनाको वास्तविक अवस्थाबारे जानकारी गराएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले जारी गरेको विज्ञप्ति अनुसार सभापति यादवले आफ्नो मञ्जुरीबिना विवाह भएको भन्दै सम्बन्धित व्यक्तिहरूलाई पक्राउ गरी जबर्जस्ती छुटाइदिन दबाब दिएका थिए ।

धनुषा प्रहरीले जनाए अनुसार सम्बन्धित महिला २७ वर्षकी र उनका पति २३ वर्षका छन् । उनीहरूको विवाह कानुनतः वैधानिक रहेको प्रहरीको दाबी छ । जात नमिलेको र युवकको आर्थिक अवस्था कमजोर रहेको कारण यादवले विवाह स्वीकार नगरेको प्रहरीको बुझाइ छ ।

सो विज्ञप्तिमा यादवले जिल्ला प्रहरी कार्यालय घेराउ गर्ने धम्की दिएको र त्यसपछि सार्वजनिक कार्यक्रममा प्रहरी प्रमुखमाथि आरोप लगाएको पनि उल्लेख गरिएको छ ।

पारिवारिक विषयमा शुरु भएको विवाद अहिले राजनीतिक नेतृत्व र प्रहरी प्रशासनबीचको आरोप-प्रत्यारोपमा परिणत भएको छ । यादवका आरोप र खड्काको खण्डनबीच घटनाले थप चर्चा पाए पनि घुसखोरीसम्बन्धी आरोप पुष्टि गर्ने स्वतन्त्र प्रमाण सार्वजनिक भएको छैन ।

अब विवादको वास्तविकता स्पष्ट हुन आरोपहरूको निष्पक्ष छानबिन, उपलब्ध प्रमाणको परीक्षण र सम्बन्धित पक्षका दाबीको तथ्यगत मूल्यांकन हुनुपर्ने भन्दै बजारमा चर्चा परिचर्चा पनि चल्न थालेको छ ।

## मिथिला-मधेशमा विकृति बन्दै मृत्यु भोज, ऋणको बोझमा विपन्न परिवार

**टुडे समाचारदाता**



जनकपुरधाम । मिथिला-मधेशमा कसैको मृत्यु भएपछि ९ औँ दिनपछि मृतकको सम्झनामा गरिने मृत्यु भोज पछिल्लो समय सामाजिक प्रतिष्ठा र प्रतिस्पर्धाको विषय बन्दै गएको छ । दुःखको घडीमा शोकसन्तप्त परिवारलाई सान्त्वना दिनुपर्ने समाजले नै भोज गर्न दबाब दिने प्रवृत्तिले गरिब तथा विपन्न परिवार आर्थिक सङ्कटमा पर्ने गरेका छन् । परम्परा र संस्कृतिको नाममा गरिने मृत्यु भोज कतिपय परिवारका लागि वर्षौंसम्म ऋणको बोझ बोक्नुपर्ने बाध्यता बनेको छ ।

घरमा कसैको मृत्यु भएपछि मृतकको अन्तिम संस्कार र अन्य धार्मिक तथा सांस्कृतिक क्रियाकर्मको तयारीसँगै परिवारका सदस्यलाई मृत्यु भोजको चिन्ताले सताउने गरेको छ । आफन्त गुमाएको पीडामा रहेका परिवारले शोक मनाउनुपर्ने समयमा भोजको व्यवस्थापन, खर्च जुटाउने र पाहुनाको सत्कार गर्ने झन्झट बेहोर्नुपरेको छ । जात र समुदायअनुसार मृत्यु भएको १३ दिनभित्र तीनदेखि पाँच पटकसम्म भोज गर्नुपर्ने चलन अझै पनि कायम छ ।

कतिपय परिवारले सामाजिक प्रतिष्ठा जोगाउन र अरूभन्दा ठूलो भोज आयोजना गर्ने प्रतिस्पर्धामा आफ्नो आर्थिक हैसियतभन्दा बढी खर्च गर्ने गरेका छन् । भोजमा कति मानिस सहभागी भए, कति खर्च गरियो र कस्तो व्यवस्था गरियो भन्ने विषयलाई प्रतिष्ठासँग जोड्ने प्रवृत्तिले यो परम्परा झन् बोझिलो बन्दै गएको छ ।

मृत्यु भोजलाई परम्परा, संस्कृति र रीतिरिवाजसँग जोडेर हेर्ने गरिएको छ । अन्नदान गर्नु पुण्यको काम भएको र भोजले आफन्त तथा परिवारबीचको सम्बन्धलाई प्रगाढ बनाउने विश्वास पनि समाजमा छ । तर, यस्ता परम्परा निर्वाह गर्न ऋण लिनुपर्ने र त्यसकै कारण परिवारको आर्थिक अवस्था बिग्रने अवस्था आए त्यसलाई संस्कृतिको नाममा विकृतिका रूपमा लिनुपर्ने पूर्वशिक्षामन्त्री रेणु यादव बताउँछिन् ।

पूर्वमन्त्री यादवले मृत्यु भएपछि अनिवार्य रूपमा भोज गर्नुपर्ने प्रथाको न्यूनीकरणसंगै यसको अन्त्यका लागि समेत सामाजिक पहल आवश्यक रहेको बताइन् । समाजले जबर्जस्ती लादेको परम्पराका कारण परिवारहरू आर्थिक समस्यामा पर्ने गरेकाले यसको परिवर्तनका लागि सबै एकजुट हुनुपर्ने उनको भनाइ छ ।

'मृत्युमा अनिवार्य भोज गर्नुपर्ने प्रथाको न्यूनीकरण मात्र नभएर अन्त्य गर्नुपर्ने आवश्यकता छ । समाजले जबर्जस्ती लादेको परम्परा भएकाले यस प्रथाको न्यूनीकरणका लागि हामी एकजुट भएर लाग्नुपर्ने आवश्यकता छ,' पूर्वमन्त्री यादवले भनिन् । भोज संस्कार र सामाजिक दबाबका कारण नभई व्यक्तिको स्वेच्छाले हुनुपर्ने उनको भनाइ छ ।

मधेश प्रदेशमा बढी जनसंख्या रहेको यादव समुदायमा २५ देखि ५० गाउँका मानिसलाई एकैपटक सहभागी गराएर सभा भोज गर्ने चलनसमेत छ । ठूलो संख्यामा मानिसलाई निमन्त्रणा गरेर आयोजना गरिने यस्ता भोजमा खर्चसमेत अत्यधिक हुने गरेको छ । सामाजिक प्रतिष्ठा देखाउने माध्यमका रूपमा मृत्यु भोजलाई विस्तार गरिनु उचित नभएको जनकपुरधाम वडा नम्बर ९ का श्यामकिशोर साह बताउँछन् ।

'मृत्यु भोजलाई प्रोत्साहन गर्नुभन्दा हतोत्साही गर्नुपर्ने आवश्यकता छ,' उनले भने । उनले भोजका नाममा हुने अनावश्यक खर्चलाई नियन्त्रण गर्दै त्यसलाई शिक्षा, जीविकोपार्जन र समाजको आर्थिक उन्नतिमा उपयोग गर्न सके सकारात्मक परिवर्तन ल्याउन सकिने बताए ।

एउटा भोजमा स्वजातीय आफन्तले ५० हजार रुपैयाँसम्म खर्च गर्ने गरेको पाइन्छ । यस्तो खर्चले कुनै विपन्न परिवारको लामो समयसम्मको जीविकोपार्जनमा सहयोग पुग्न सक्छ । भोजमा खर्च गरिने रकमलाई बालबालिकाको शिक्षा, सीप विकास तथा आयआर्जनका गतिविधिमा लगानी गर्न सके सक्षम र शिक्षित समाज निर्माणमा योगदान पुग्ने स्थानीय रामसुन्दर यादव बताउँछन् ।

मृत्यु भोजका कारण परिवारले भोग्नुपरेको आर्थिक संकटको एउटा उदाहरण सप्तरीको राजविराज नगरपालिका-१ की दुर्गादेवी रजक हुन् । सासूको मृत्यु भएपछि उनले आर्थिक अवस्था कमजोर भएकाले भोज गर्न नसक्ने बताइन् । तर, समाजका मानिसले भोज गर्नैपर्ने भन्दै दबाब दिएपछि उनले बाध्य भएर तीन लाख रुपैयाँ ऋण लिनुपर्‍यो । ऋणको ब्याज जसोतसो तिर्दै आए पनि मूलधन चुक्ता गर्न नसक्दा उनी अझै ऋणको बोझबाट मुक्त हुन सकेकी छैनन् ।

दुर्गादेवीको समस्या मधेशका धेरै परिवारको साझा पीडा भएको सप्तरीका पत्रकार गोपाल गुप्ता बताउँछन्।पत्रकार गुप्ताका अनुसार मृत्यु भोज गर्नुपर्ने सामाजिक बाध्यताका कारण मधेशका सयौँ परिवार ऋण लिएर भोज गर्न र त्यसपछि वर्षौंसम्म ऋण तिर्न संघर्ष गर्न बाध्य छन् ।

शोकमा परेको परिवारलाई आर्थिक भार थप्नेभन्दा पनि सहयोग र सहानुभूति प्रदान गर्नुपर्नेमा सामाजिक दबाबका कारण उल्टै ऋणको भारी बोक्नुपर्ने अवस्था दुःखद रहेको देवको भनाइ छ । भोजका नाममा ऋण लिनुपर्ने बाध्यता अन्त्य गर्न समाजका अगुवा, जनप्रतिनिधि, राजनीतिकर्मी तथा नागरिक समाजले पहल गर्नुपर्ने उनी बताउँछन् ।

मृत्यु भोजको परम्परालाई मानवीय संवेदना, सामाजिक सद्भाव र पारिवारिक सम्बन्धसँग जोडेर हेर्नु आवश्यक छ । तर, संस्कृतिको संरक्षण गर्ने नाममा विपन्न परिवारलाई ऋणमा डुबाउने अभ्यासलाई निरन्तरता दिनु उचित नरहेको पीडितहरु पनि बताउँछन् ।






अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# किसानलाई डुबाउँदै प्रदेश सरकार

कृषि प्रधान मानिएको मधेश प्रदेशमा तीनै तहको सरकारले किसानलाई राहत दिने तर्फ गम्भीर देखिएको छैन । मधेश प्रदेशमा धान लगाउने बेला सुख्खा हुने र धान भित्र्याउने बेला खेत पानीले भर्ने समस्या बिकराल बनेको छ। धान रोपाई गर्ने बखत खेत सुख्खा हुन्छ। प्रदेश सरकारले जडान गरेको बोरिंगबाट पानी आउँदैन। वर्षा पनि कमै हुने गर्छ। सतही सिँचाइको पहुँच कमै जगगामा रहेको छ। तर धान भित्र्याउने बेला प्रदेश सरकारले जडान गरेको बोरिंगबाट अत्यधिक पानी निस्कने गर्छ। सरकारले जडान गरेको बोरिगमा विद्युत जडान गरिएको छैन । त्यसकारण किसानले चाहेको बखत सिँचाइ हुँदैन। पानी ननिस्कने गरी बोरिंगमा ढक्कन समेत लगाइएको छैन । त्यसले कात्तिक, मंसिर, पुस र माघ महिनासम्म निरन्तर पानी बगिरहँदा धान, गहुँ र दलहन बालीमा ठूलो क्षति पुग्ने गरेको छ । पीडित किसानहरुले पटक पटक सरकारलाई गुहारे पनि बेवास्ता गरिएको छ । किसानहरुको समस्यालाई समाधान गर्न प्रदेश सरकारले चासो नलिँदा बालीनालीमा ठूलो क्षति पुग्न थालेको छ । किसानहरुको पीडालाई नबुझ्ने सरकारले कमिसनका लागि जथाभावी बोरिंग जडान गरेको छ। बोरिंग जडान भएसँगै मोटो रकम कमिसन पाउने प्रदेश सरकारले त्यसको सञ्चालन र व्यवस्थापन गर्न चासो देखाउँदैन । किसानलाई सरकारले समयमा मलखाद उपलब्ध गराउनुपर्ने दायित्व हो। तर किसानले कुनै बाली लगाउँदा समयमा मल र सिंचाइ पाउँदैन। मधेश प्रदेश सरकारले जडान गराएको बोरिंग किसानका लागि अभिशाप बनेको छ । जडान भइसकेको बोरिंगको व्यवस्थापन गर्न सरकारका मन्त्री र कर्मचारीहरुले कमिसन पाउँदैन । त्यसकारण बोरिंगको व्यवस्थापन भइरहेको छैन । प्रदेश सरकारले जडान गरेको बोरिंग पालिकालाई पनि हस्तान्तरण गरिएको छैन । सरकारी स्वामित्वको बोरिंगलाई किसानले उखेलेर फाल्ने अवस्थापनि छैन। त्यसो गर्दा कानुनी कारबाही हुन सक्ने सम्भावना देखिन्छ। प्रदेश सरकारका मन्त्रीहरुले कमिसन खान मात्र किसानको खेतमा बोरिंग जडान गर्दै आएका छन् । बोरिंगको कारण किसानहरुको हरेक वर्ष दुईवटा बाली नास हुने गरेको छ। बोरिंगको समस्या समाधान गर्न सरकारले तत्काल पहल नगरे किसानले उखेलेर फाल्ने चेतावनी दिन थालेका छन् । चर्को मूल्यमा बीउबिजन खरिद गरी गरिएको खेतीलाई प्रदेश सरकारको कमिसनको बोरिंग योजनाले सखाप बनाउने गरेको छ । सरकारलाई किसानहरुले पटक पटक ध्यानाकर्षण गराएपनि समस्या ज्यूँकात्यूँ छ। किसानको समस्या समाधानका लागि प्रदेश सरकारले तत्काल पहल गर्न आवश्यक छ। सरकारी लगानी रहे पनि किसानका लागि अभिशाप बनेको बोरिंगहरुलाई उखेलेर हटाउन सरकारले निर्णय गर्नुपर्छ । सरकारले थोरै लगानी गरी बोरिंगमा विद्युत जडान गरी व्यवस्थापन गर्न तर्फ तत्काल पहल गर्न आवश्यक छ।

## संघीयतामा जनसांख्यिकीय विरोधाभास :

# अधिकार गाउँमा, जनसंख्या सहरमा



ऋतुराज भण्डारी

संघीयता लागू भएपछि नेपालको शासन प्रणालीमा एउटा ठूलो प्रश्न उठेको थियो- के अब अवसर काठमाडौँको सिंहदरबारबाट जनताको घरदैलो र गाउँबस्तीसम्म पुग्यो त ? संविधानमा अधिकार बाँडफाँट भयो, प्रदेशहरू बने, ७५३ स्थानीय तहले आफ्नै सरकार पाए र 'गाउँ-गाउँमा सिंहदरबार' भन्ने राजनीतिक नारालाई व्यवहारमा उतार्ने प्रयास भयो। प्रशासनिक अधिकारको विकेन्द्रीकरण भयो, स्थानीय तहमा बजेट र योजना निर्माणको अधिकार पुग्यो तथा प्रदेश राजधानीहरू नयाँ प्रशासनिक केन्द्र बने।

तर अर्को प्रश्न अझै अनुत्तरित छ- बसाइसराइको बेग किन गाउँबाट सहर र संघीय तथा प्रादेशिक राजधानीहरूतर्फ निरन्तर बढिरहेको छ ?

अवसरको भौगोलिक वितरण बुझ्ने एउटा महत्त्वपूर्ण माध्यम मानिसको बसाइसराइ हो। मानिस त्यहीँ जान्छ, जहाँ उसले रोजगारी, शिक्षा, स्वास्थ्य, सुरक्षा, आम्दानी र भविष्यको सम्भावना देख्छ। त्यसैले आन्तरिक बसाइसराइ केवल जनसङ्ख्याको स्थानान्तरण मात्र होइन; यो राज्यको विकास, अवसर र सार्वजनिक सेवाको भौगोलिक वितरणको प्रत्यक्ष सूचक पनि हो।

नेपालमा पछिल्ला वर्षहरूका बसाइसराइका तथ्याङ्क हेर्दा एउटा विरोधाभास देखिन्छ। संघीयताले प्रशासनिक संरचनालाई विकेन्द्रित गरेको छ, तर जनसङ्ख्या र आर्थिक गतिविधि अझै पनि केही निश्चित सहर र प्रदेशमै केन्द्रित भइरहेका छन्।

यसै पृष्ठभूमिमा, संघीय शासन व्यवस्थामा आन्तरिक बसाइसराइले अवसरहरूको न्यायोचित र समान वितरण गरिरहेको छ वा यसले जनसङ्ख्याको प्रादेशिक असन्तुलन बढाएर संघीयताको व्यावहारिक कार्यान्वयनमा थप जटिलता र चुनौती थपिरहेको छ भन्ने गम्भीर बहस सतहमा ल्याइदिएको छ। तसर्थ, यस लेखमा उक्त मुद्दालाई 'अवसरहरूको समानीकरण र जनसङ्ख्याको प्रादेशिक असन्तुलन' भन्ने दुई भिन्न दृष्टिकोणबाट तथ्यगत एवं विश्लेषणात्मक रूपमा मन्थन गर्ने प्रयास गरिएको छ।

### सेवा, स्रोत र अवसरको विकेन्द्रीकरण

संघीय संरचनाको एउटा महत्त्वपूर्ण उपलब्धि सार्वजनिक सेवाको स्थानीयकरण हो। जन्मदर्ता, व्यवसाय दर्ता, विभिन्न सिफारिस तथा अन्य प्रशासनिक कामका लागि विगतमा जिल्ला सदरमुकाम वा काठमाडौँ पुग्नुपर्ने बाध्यता धेरै हदसम्म घटेको छ। स्थानीय तहमा कृषि, पशु स्वास्थ्य, आधारभूत स्वास्थ्य तथा अन्य सेवाका संरचना विस्तार भएका छन्। अधिकांश स्थानीय तहमा आधारभूत तथा नगर अस्पताल सञ्चालनमा आएपछि स्वास्थ्य सेवाको पहुँच पनि विस्तार भएको छ।

संघीय वित्तीय व्यवस्थाले राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरणमार्फत स्थानीय र प्रदेश तहमा स्रोत प्रवाह गर्ने कानुनी आधार निर्माण गरेको छ। स्थानीय तहले आफ्ना आवश्यकता र प्राथमिकताका आधारमा बजेट तथा योजना निर्माण गर्न पाउने भएकाले स्थानीय विकासको निर्णय प्रक्रियामा नागरिकको सहभागिता पनि बढेको छ।

यही प्रक्रियाले नयाँ आर्थिक केन्द्रहरू निर्माण गर्न थालेको छ। २०७३ सालमा स्थानीय तहको पुनर्संरचनापछि ७५३ स्थानीय तहका प्रशासनिक केन्द्र निर्धारण गरिए। त्यसपछि ती केन्द्रलाई जोड्ने सडक, विद्युत्, खानेपानी तथा अन्य पूर्वाधार विकाससँगै होटेल, लज, खाद्यान्न, निर्माण सामग्री, कृषि सामग्री तथा साना उद्योगसम्बन्धी व्यापारिक गतिविधि बढेका छन्। परिणामस्वरूप धेरै स्थानीय प्रशासनिक केन्द्र साना सहर तथा नयाँ बजार केन्द्रका रूपमा विकसित हुँदै गएका छन्।

प्रदेश राजधानीहरू पनि प्रशासनिक मात्र नभई आर्थिक तथा सामाजिक गतिविधिका नयाँ केन्द्र बनेका छन्। विश्वविद्यालय, प्राविधिक शिक्षालय, अस्पताल तथा अन्य संस्थाको विस्तारले उच्च शिक्षा र स्वास्थ्य सेवाका लागि काठमाडौँमै निर्भर हुनुपर्ने अवस्था केही हदसम्म घटाएको छ। यसले प्रदेशभित्रै रोजगारी, शिक्षा र स्वास्थ्यका अवसर विस्तार गर्नुका साथै आन्तरिक बसाइसराइका नयाँ गन्तव्यहरू पनि निर्माण गरेको छ।

सुर्खेत यसको एउटा उदाहरण हो। कर्णाली प्रदेशको राजधानी बनेपछि सुर्खेतमा सरकारी तथा गैरसरकारी संस्थाका कार्यालय, होटेल, व्यापारिक प्रतिष्ठान, शैक्षिक तथा स्वास्थ्य पूर्वाधार र यातायात संरचनाको विस्तार भएको छ। फलस्वरूप विगतमा मध्यपश्चिम तथा सुदूरपश्चिमका पहाडी र हिमाली जिल्लाबाट नेपालगञ्जतर्फ हुने बसाइसराइको केही हिस्सा सुर्खेततर्फ मोडिएको देखिन्छ। पोखरा, बुटवल, तुलसीपुर र धनगढीजस्ता सहरहरूमा पनि यस्तै प्रवृत्ति देखिन्छ।

प्रदेश राजधानी र ठूला सहरहरू भएका जिल्लाहरूमा पनि यस्तै जनसाङ्ख्यिकीय दृश्य देख्न सकिन्छ। राष्ट्रिय जनगणना २०६८ र २०७८ का तथ्याङ्क तुलना गर्दा कास्कीको खुद बसाइसराइ दर १५.५ प्रतिशतबाट बढेर २७.१ प्रतिशत, रूपन्देहीको १७.५ बाट २३.५ प्रतिशत, दाङको ४.२ बाट १०.३ प्रतिशत, सुर्खेतको ३.१ बाट ८ प्रतिशत र कैलालीको १८.६ बाट २२.१ प्रतिशत पुगेको छ। बसाइसराइको तथ्याङ्कमा आएका यी परिवर्तनले आन्तरिक बसाइसराइका गन्तव्यमा आएको संरचनात्मक परिवर्तनलाई देखाउँछन्।

यस अर्थमा संघीयताले एउटा महत्त्वपूर्ण काम गरेको छ- काठमाडौँबाहिर पनि नयाँ अवसरका केन्द्र निर्माण गर्ने प्रक्रिया अघि बढाएको छ। तर मानिसहरू अझै कहाँ केन्द्रित भइरहेका छन् भन्ने थप प्रश्नलाई पनि सँगसँगै अगाडि ल्याइदिएको छ।

> रोजगारी तथा अध्ययनका लागि युवा जनसंख्या बाहिरिँदा दुर्गम क्षेत्रमा दक्ष र अदक्ष श्रमशक्तिको अभाव बढ्दै गएको छ। विद्यालयका शिक्षक, कृषि तथा पशु प्राविधिक, इलेक्ट्रिसियन लगायत प्राविधिक जनशक्तिको अभावले स्थानीय अर्थतन्त्र र सेवा प्रवाह प्रभावित हुन थालेको छ। ग्रामीण क्षेत्रमा युवा जनसंख्या घट्दा ज्येष्ठ नागरिक र बालबालिकाको अनुपात बढ्ने, कृषि श्रमिकको अभाव हुने र खेतीयोग्य जमिन बाँझो रहने समस्या पनि गम्भीर बन्दै गएको छ।

### अन्तरप्रदेश बसाइसराइको बदलिँदो परिदृश्य

राष्ट्रिय तथ्याङ्क कार्यालयको आन्तरिक बसाइसराइ प्रतिवेदन २०२५ अनुसार आफ्नो जन्मस्थान वा मूलथलो छाडेर अन्यत्र बसोबास गर्ने जनसङ्ख्या कुल जनसङ्ख्याको २९.२ प्रतिशत छ। भौगोलिक क्षेत्रअनुसार यो दर पहाडमा ३२ प्रतिशत, तराईमा २८.९ प्रतिशत र हिमालमा १३.८ प्रतिशत छ।

प्रदेशगत रूपमा बागमतीमा आन्तरिक बसाइसराइको दर ४३.६ प्रतिशत छ भने गण्डकीमा ३२.९ प्रतिशत र कोशीमा ३१ प्रतिशत छ। कर्णालीमा भने यो दर १४.६ प्रतिशत मात्र छ। यसले प्रदेशहरूबिच बसाइसराइको तीव्रतामा उल्लेखनीय अन्तर रहेको देखाउँछ।

यसले एउटा स्पष्ट प्रश्न उठाउँछ- यदि अवसरहरू समान रूपमा फैलिरहेका छन् भने मानिसहरूको गन्तव्य किन त्यसअनुरूप विकेन्द्रित भइरहेको छैन ?

राष्ट्रिय जनगणना २०७८ अनुसार २१ लाख ४२ हजार ३६३ जना एक प्रदेशबाट अर्को प्रदेशमा बसाइँ सरेका थिए। यसमा महिलाको सङ्ख्या ११ लाख ५४ हजार ९०९ अर्थात् ५३.९ प्रतिशत र पुरुषको सङ्ख्या ९ लाख ८७ हजार ४५४ अर्थात् ४६.१ प्रतिशत थियो। यसले विवाहलगायत सामाजिक तथा आर्थिक कारणको प्रभाव पनि अन्तरप्रदेश बसाइसराइमा महत्त्वपूर्ण रहेको देखाउँछ।

प्रदेशगत रूपमा बागमती र लुम्बिनीमा मात्र खुद बसाइसराइ धनात्मक देखिन्छ भने बाँकी प्रदेशले जनसंख्या गुमाएका छन्। काठमाडौँ उपत्यकाका काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लाको खुद बसाइसराइ दर २०६८ को तुलनामा २०७८ मा उल्लेख्य रूपमा बढेको छ। खुद बसाइसराइ दर काठमाडौँको ४३.१ बाट बढेर ५१ प्रतिशत, ललितपुरको २५.७ बाट ३९ प्रतिशत र भक्तपुरको २०.३ बाट ४१ प्रतिशत पुगेको छ। चितवनको दर पनि २२.७ बाट बढेर २८.३ प्रतिशत पुगेको छ। यसको अर्थ काठमाडौँको आकर्षण समाप्त भएको छैन; बरु काठमाडौँ उपत्यका र त्यससँग जोडिएका विस्तारित नयाँ सहरी क्षेत्रहरूमा जनसङ्ख्याको चाप अझ बढिरहेको छ।

राष्ट्रिय जनगणना २०७८ को पछिल्लो बसाइसराइको तथ्याङ्क हेर्दा काठमाडौँ उपत्यकामा देशका विभिन्न भागबाट ३ लाख ६३ हजार ५०४ जना मानिस भित्रिएको देखिन्छ। त्यसमध्ये ४०.६ प्रतिशत बागमती प्रदेशकै काठमाडौँ उपत्यकाबाहिरका जिल्लाबाट र २१.१ प्रतिशत कोशी प्रदेशबाट आएका छन्।

लुम्बिनी प्रदेश पनि अर्को महत्त्वपूर्ण गन्तव्यका रूपमा उदाएको देखिन्छ। बुटवल, भैरहवा, घोराही, तुलसीपुर, कोहलपुर र नेपालगञ्जजस्ता सहरहरूको आर्थिक तथा सामाजिक आकर्षणले यस प्रदेशमा जनसङ्ख्या थपिएको देखिन्छ। रूपन्देही, दाङ र बाँके जिल्लाको बढ्दो खुद बसाइसराइ दरले पनि सहरी केन्द्रतर्फको आकर्षणलाई सङ्केत गर्छ।

लुम्बिनी प्रदेशमा भित्रिएका ८८ हजार १४६ जनामध्ये ४०.२ प्रतिशत कर्णाली र ३२.२ प्रतिशत गण्डकी प्रदेशबाट आएका छन्। यसले बसाइसराइ सधैँ टाढाका प्रदेशबाट नहुने, भौगोलिक निकटता र सडक तथा आर्थिक सम्बन्धले पनि आन्तरिक बसाइसराइको गन्तव्य निर्धारण गरेको देखाउँछ।

यसैगरी, कोशी प्रदेशका झापा, मोरङ र सुनसरीमा खुद बसाइसराइ दर बढे पनि समग्र कोशी प्रदेशको खुद बसाइसराइ ३ लाख १८ हजार ७९६ ले ऋणात्मक छ। मधेशको १ लाख ६६ हजार ५४२, कर्णालीको २ लाख १६ हजार ४१६ र सुदूरपश्चिमको २३ हजार ५०४ ले खुद जनसङ्ख्या घटेको देखिन्छ।

यी तथ्याङ्कले अन्तरप्रदेश बसाइसराइ एकतर्फी मात्र नभई पारस्परिक पनि रहेको देखाउँछन्। ठूला सहरतर्फ आकर्षण बढे पनि काठमाडौँ उपत्यकाबाट अन्य प्रदेशतर्फ हुने बसाइसराइ पनि उल्लेख्य देखिन्छ। सडक तथा अन्य पूर्वाधार विस्तारसँगै पहाडबाट तराईतर्फको परम्परागत बसाइसराइको केही हिस्सा नजिकका जिल्ला सदरमुकाम तथा अर्धसहरी केन्द्रतर्फ मोडिएको देखिन्छ। साथै, तराईबाट काठमाडौँ, पोखरा र अन्य ठूला सहरतर्फको प्रवाह पनि निरन्तर छ। यसले नेपालको आन्तरिक बसाइसराइ बहुआयामिक र गतिशील बन्दै गएको स्पष्ट हुन्छ।

### प्रादेशिक असन्तुलन र चुनौती

आन्तरिक बसाइसराइले एकातिर अवसर र सेवाको पहुँच विस्तार गरेको छ भने अर्कातिर केही प्रदेश तथा सहरमा जनसङ्ख्याको अत्यधिक केन्द्रीकरणले समस्या सिर्जना गरेको छ। काठमाडौँ उपत्यका, तराईका सुगम भूभाग तथा ठूला सहरमा जनसङ्ख्या बढ्दै जाँदा हिमाली तथा पहाडी जिल्लाका कतिपय क्षेत्रमा जनसङ्ख्या घट्दो क्रममा छ।

रोजगारी तथा अध्ययनका लागि युवा जनसङ्ख्या बाहिरिँदा दुर्गम क्षेत्रमा दक्ष र अदक्ष श्रमशक्तिको अभाव बढ्दै गएको छ। विद्यालयका शिक्षक, कृषि तथा पशु प्राविधिक, इलेक्ट्रिसियन लगायत प्राविधिक जनशक्तिको अभावले स्थानीय अर्थतन्त्र र सेवा प्रवाह प्रभावित हुन थालेको छ। ग्रामीण क्षेत्रमा युवा जनसङ्ख्या घट्दा ज्येष्ठ नागरिक र बालबालिकाको अनुपात बढ्ने, कृषि श्रमिकको अभाव हुने र खेतीयोग्य जमिन बाँझो रहने समस्या पनि गम्भीर बन्दै गएको छ।

इटहरी, काठमाडौँ, पोखरा, भरतपुर, बुटवल, तुलसीपुर, सुर्खेत, धनगढी तथा तराईका अन्य ठूला सहरमा तीव्र जनसङ्ख्या वृद्धिले खानेपानी, ढल, आवास, यातायात, शिक्षा र स्वास्थ्यजस्ता आधारभूत पूर्वाधारमा थप दबाब सिर्जना गरेको छ। अर्कोतर्फ, दुर्गम क्षेत्रमा राज्यले ठूलो लगानीमा निर्माण गरेका विद्यालय, स्वास्थ्यचौकी र सडकजस्ता पूर्वाधार जनसंख्या घट्दै जाँदा पूर्ण क्षमतामा उपयोग हुन नसक्ने जोखिम बढेको छ।

अर्थात् समस्या गाउँ र सहरमा एकैपटक आइपरेको छ- सहरमा जनसङ्ख्या आवश्यकताभन्दा बढी केन्द्रित भइरहेको छ भने गाउँमा विकासका लागि आवश्यक जनशक्ति नै घटिरहेको छ। यही विरोधाभास नेपालको संघीय विकासको एउटा महत्त्वपूर्ण चुनौती हो।

### अबको नीति

आन्तरिक बसाइसराइ आफैँमा समस्या होइन। मानिसलाई रोजगारी, शिक्षा, स्वास्थ्य र राम्रो जीवनका लागि आफ्नो बसोबास परिवर्तन गर्ने नैसर्गिक अधिकार छ। त्यसैले राज्यको उद्देश्य मानिसलाई आफ्नो गाउँमै जबर्जस्ती रोक्ने हुनु हुँदैन। तर यहाँ अहम् प्रश्न के छ भने, मानिस अवसरका कारण बसाइँ सरिरहेको छ कि अवसरको अभावमा आफ्नो ठाउँ छोड्न बाध्य भइरहेको छ ?

दोस्रो अवस्था हो भने यहाँ नीतिगत हस्तक्षेप अपरिहार्य हुन्छ।

राज्यले दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा स्थानीय रोजगारी सिर्जना, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा, सडक तथा डिजिटल पूर्वाधार, कृषि तथा पशुपालनको आधुनिकीकरण, पर्यटन र जडीबुटीमा आधारित उद्यम विकासलाई प्राथमिकता दिनुपर्छ। युवालाई स्थानीय अर्थतन्त्रसँग जोड्ने उद्यमशीलता र सीप विकासका कार्यक्रम पनि त्यत्तिकै आवश्यक छन्।

त्यसैगरी, मध्यपहाडी लोकमार्ग आसपासका बजार केन्द्र तथा नयाँ सहरलाई क्षेत्रीय आर्थिक केन्द्रका रूपमा विकास गर्नुपर्छ। सबै अवसर काठमाडौँमा केन्द्रित गर्ने वा प्रत्येक प्रदेश राजधानीलाई मात्र 'अर्को काठमाडौँ' बनाउने सोचबाट बाहिर निस्कनुपर्छ। ठूला सहरमा भने व्यवस्थित भू-उपयोग नीति, सस्तो र सुलभ आवास योजना, सार्वजनिक यातायात, खानेपानी र फोहोर व्यवस्थापनलाई जनसङ्ख्या वृद्धिसँग जोडेर योजना बनाउन ढिलाइ गर्नु हुँदैन।

सबैभन्दा महत्त्वपूर्ण कुरा, संघ, प्रदेश र स्थानीय तहका विकास योजना अब जनसङ्ख्या र बसाइसराइको वास्तविक प्रवृत्तिसँग जोडिनुपर्छ। कुन ठाउँमा जनसङ्ख्या बढ्दै छ, कुन ठाउँमा घट्दै छ, कुन उमेर समूह बाहिरिँदै छ र कुन क्षेत्रमा श्रमशक्तिको अभाव हुँदै छ भन्ने वस्तुनिष्ठ तथ्याङ्कका आधारमा लगानी र सेवा योजना बनाउन आवश्यक छ।

### निष्कर्ष

संघीयताले नेपालमा अवसरको ढोका धेरै ठाउँमा खोलेको छ। प्रदेश राजधानी, नगरपालिका र बजार केन्द्र/नयाँ सहरको विकास त्यसका प्रत्यक्ष उदाहरण हुन्। तर अवसरको भौगोलिक विस्तार र जनसङ्ख्याको भौगोलिक वितरणबिच अझै ठूलो अन्तर छ। आन्तरिक बसाइसराइले यही अन्तरलाई देखाइरहेको छ।

त्यसैले अहिलेको बहस 'संघीयता सफल भयो कि असफल ?' भन्ने सरल राजनीतिक प्रश्नमा मात्र सीमित गर्नु उपयुक्त हुँदैन। वास्तविक प्रश्न अझ गहिरो छ- संघीयताले प्रत्येक भूगोलमा मानिसका लागि सम्मानजनक जीवन र अवसरको आधार कति निर्माण गर्न सक्यो ?

पछिल्लो जनगणनाको तथ्याङ्कले बागमती र लुम्बिनीतर्फ जनसङ्ख्या आकर्षित भइरहेको, अन्य धेरै प्रदेशले जनसङ्ख्या गुमाइरहेको र काठमाडौँ उपत्यकामा अझै उच्च जनसङ्ख्या दबाब रहेको देखाउँछ। यसले सेवा, स्रोत र अवसरको विकेन्द्रीकरण भएको भए पनि विकास र अवसरको पूर्ण भौगोलिक समानीकरण हुन बाँकी रहेको सङ्केत गर्छ।

अबको संघीय नीति मानिसलाई बसाइँ सर्नबाट रोक्ने होइन; बसाइँ सर्नुपर्ने बाध्यता घटाउने र जहाँ गए पनि अवसर तथा सेवामा न्यायोचित पहुँच सुनिश्चित गर्ने हुनुपर्छ। किनकि अन्ततः संघीयताको वास्तविक परीक्षा प्रदेश र स्थानीय तह कति बने भन्नेमा मात्र होइन, मानिसले आफ्नो थातथलो छोड्नैपर्ने बाध्यता कति घट्यो र आफ्नै ठाउँमा भविष्य देख्न सक्ने अवस्था कति बन्यो भन्नेमा हुनेछ। यो रातोपाटीडटकमबाट साभार गरिएको छ।




## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | दाजुभाइसंगको सहकार्यमा फाइदा हुनेछ। दिन राम्रो छ। |
| वृष : | खानपानमा ध्यान नजाँदा स्वास्थ्यमा समस्या हुनेछ। शिक्षामा प्रगति हुनेछ। |
| मिथुन : | धार्मिक कार्यमा सहभागी हुने अवसर मिल्ने छ। |
| कर्कट : | जग्गाको कारोबारमा फाइदा हुनेछ। |
| सिंह : | लामो समयपछि साथीसंग भेट हुनेछ। |
| कन्या : | परिवारको साथमा लिएको निर्णय सफल बन्नेछ। |
| तुला : | राजनीतिक क्षेत्रमा महत्वपूर्ण अवसर प्राप्त हुनेछ। |
| वृश्चिक : | अग्रजको सल्लाहमा अगाडि बढ्नुपर्ने दिन छ। मन अशान्त बन्नेछ। |
| धनु : | शिक्षामा थप मिहिनेत आवश्यक हुन्छ। आम्दानीका स्रोत सबल छन्। |
| मकर : | बौद्धिक विपक्षी भएकाले शान्त बन्नु पर्ने देखिन्छ। |
| कुम्भ: | धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गर्नु उचित हुन्छ। |
| मीन: | सहकर्मीसंग जोगिएर काम गर्नुपर्ने देखिन्छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378



## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वेको समय तालिका

### जनकपुरधाम - जयनगर

बिहान :- ८:३५ बजे

दिउँसो :- ११:४५ बजे

बेलुका :- १५:१५ बजे

### जयनगर - जनकपुरधाम

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सर्लाही–मोतिहारी ग्यास पाइपलाई निर्माणमा तीव्रता

**टुडे समाचारदाता**

जनकपुरधाम । खाना पकाउने एलपी ग्यासको समस्या समाधानका लागि सरकारले दिर्घकालिन समाधान गर्न भण्डारण गृह निर्माण कार्यमा तिव्रता दिएका छन् ।

ग्यास भण्डारणमा हालसम्म सरकारको उपस्थिति शून्यप्रायः रहेको अवस्थामा नेपाल आयल निगमले आफ्नै स्वामित्वमा भण्डारण गृह र सीमापार ग्यास पाइपलाइन निर्माण प्रक्रियालाई तीव्रता दिएको हो ।

निगमले भारत मोतिहारीदेखि नेपालको सर्लाहीसम्म अन्तरदेशीय एलपी ग्यास पाइपलाइन बिछ्याउने र सर्लाहीमा एक महिनाको राष्ट्रिय माग धान्न सक्ने ५० हजार टन क्षमताको भण्डारण गृह निर्माण गर्ने तयारी अघि बढाएको छ ।




यसका लागि इन्डियन आयल कर्पोरेसन (आईओसी) सँग आवश्यक प्राविधिक तथा रणनीतिक छलफल भई विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) निर्माण चरणमा प्रवेश गरेको छ ।

आयल निगमका एलपीजी तथा एभिएसन विभाग प्रमुख विनीतमणि उपाध्यायका अनुसार नयाँ दिल्लीमा सम्पन्न नेपाल र भारत सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयस्तरीय पाँचौं संयुक्त कार्यदल (जेडब्लूजी) बैठकले यो परियोजना अगाडि बढाउने सैद्धान्तिक सहमति दिएको थियो ।

निगमले आईओसीलाई पठाएको प्रस्ताव अनुसार सर्लाहीमा निर्माण हुने ग्यास डिपो पूर्णरूपमा अत्याधुनिक र स्वचालित (अटोमेटेड) हुनेछ । यस परियोजनालाई मुख्य रूपमा तीन युनिटमा विभाजन गर्ने प्रस्ताव गरिएको छ ।

विभाग प्रमुख उपाध्यायले भने ‘हामीले आईओसीलाई पठाएको प्रस्तावमा मुख्य तीन कुरा समेटेका छौं, पहिलो- करिब एक महिनाको माग धान्ने ५० हजार टन क्षमताको एलपी ग्यास भण्डारण गृह निर्माण गर्ने, दोस्रो- दैनिक २५ हजार सिलिन्डर भर्न सक्ने क्षमताको बोटलिङ प्लान्ट स्थापना गर्ने र तेस्रो- दिनमा कम्तीमा १०० वटा ग्यास बुलेट लोड गर्न मिल्ने ट्यांकर लरी फिलिङ (टीएलएफ) सेट निर्माण गर्ने योजना छन ।’

अहिले देशमा विपद् आउँदा वा दुई-चार दिन सडक बन्द हुँदा ग्यास नपाइने जुन चरम अवस्था छ, यो ५० हजार टनको भण्डारण बनेपछि सदाका लागि अन्त्य हुने उपाध्यायको भनाइ छ । १० भदौमा भोटेकोशीमा आएको विपत्तिले जलविद्युत् आयोजना र राजमार्गमा पुऱ्याएको क्षतिका कारण ग्यासको विकल्प नभएको र भण्डारणको टड्कारो आवश्यकता महसुस भएको उनले बताए ।

प्रस्तावित ग्यास पाइपलाइन भारत मोतिहारीबाट सुरु भएर नेपालको सर्लाहीसम्म आइपुग्ने छ । यसको कुल लम्बाइ करिब १ सय ३१ किलोमिटर हुने अनुमान छ । हाल सञ्चालनमा रहेको मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनकै रुट पछ्याउँदै बारा पथलैयासम्म ग्यास पाइपलाइन ल्याउने र त्यहाँबाट पूर्वतर्फ सर्लाहीसम्म विस्तार गर्ने योजना छ । पथलैयाबाट सर्लाहीको दुरी करिब ६० देखि ६२ किलोमिटर पर्छ ।

पूर्वाधार निर्माण गर्न सबैभन्दा महत्त्वपूर्ण मानिने जग्गाको विषय निगमले यसअघि नै सुल्झाइसकेको छ । निगमसँग सर्लाहीमा १४ बिघाभन्दा बढी जग्गा आफ्नै स्वामित्वमा छ । उक्त जग्गाको क्षेत्रफल हेरेर त्यहाँ के-कस्ता संरचना कसरी डिजाइन गर्न सकिन्छ भनेर आईओसीले अध्ययन गरिरहेको छ ।

परियोजनालाई मूर्तरूप दिन दुवै देशका अधिकारीहरू निरन्तर संवादमा छन् । बीटुबी कमिटी मार्फत भर्चुअल मिटिङहरू सम्पन्न भइसकेका छन् भने आवश्यक कागजात आदानप्रदान पनि भइरहेको छ ।

आईओसीले सुरुमा ८ इन्च र १० इन्चको पाइपलाइनमध्ये कुन उपयुक्त हुन्छ भनेर एउटा प्रारम्भिक (टेन्टेटिभ) रिपोर्ट निगमलाई बुझाएको थियो । त्यसपछि निगमले आफ्नातर्फबाट ५० हजार टन भण्डारण सहित माथि उल्लेखित आवश्यकता समेटेर प्रस्ताव पठाएको छ ।

# एशियन कलेक्टिभ हाउजिङ अवार्ड सीआइसीले पाए

**टुडे समाचारदाता**



जनकपुरधाम । समावेशी तथा दिगो सामुदायिक विकास र सामूहिक आवासको क्षेत्रमा योगदान पुऱ्याएको भन्दै यस वर्षको एशियन ‘कलेक्टिभ हाउजिङ अवार्ड २०२६’ जनकपुरधामस्थित सामुदायिक सुधार केन्द्र (सीआईसी) धनुषाले पाउन सफल भएको छ ।

सो अवार्ड संस्थाका निर्देशक संजयकुमार साहलाई थाइल्याण्डमा आयोजित एक कार्यक्रमका बीच थाइल्याण्डका उपप्रधानमन्त्री तथा सामाजिक विकास र मानव सुरक्षा मन्त्रीले प्रदान गरेका छन् ।

सीआईसीले गरिब, भूमिहीन, सीमान्तकृत तथा जोखिममा रहेका समुदायको सुरक्षित आवास, सम्मानजनक जीवनयापन र जीवनस्तर सुधारका लागि काम गर्दै आएको छ । संस्थाले स्थानीय सरकार, समुदाय, नागरिक समाज तथा विकास साझेदारसँगको सहकार्यमा किफायती आवास, वातावरणमैत्री बस्ती र जलवायु उत्थानशील समुदाय निर्माणलाई प्राथमिकता दिँदै आएको निर्देशक साहले जनाएको छ ।

पुरस्कार प्राप्तिपछि निर्देशक साहले एसियाभरि सामूहिक विकासका क्षेत्रमा पुऱ्याएको योगदानको कदरस्वरूप सम्मानित हुनु सीआइसीको मात्रै नभई नेपालकै लागि गौरवको विषय रहेको बताए । उनले यो सम्मान संस्थाको सम्पूर्ण टोली, समुदायका सदस्य, विकास साझेदार र स्थानीय सरकारको सामूहिक प्रयासको प्रतिफल भएको उल्लेख गरेका छन् ।

साहका अनुसार उक्त सम्मानले भूमिहीन तथा विपन्न समुदायको आवास अधिकार सुनिश्चित गर्न, समावेशी विकासलाई प्रवर्द्धन गर्न र सबैका लागि सुरक्षित तथा किफायती आवासको पहुँच विस्तार गर्न थप प्रेरणा दिएको छ ।

संस्थाले आवासलाई घर निर्माणमा मात्र सीमित नराखी नागरिकको सम्मानजनक जीवन, सुरक्षा, समान अवसर र जीवनस्तर सुधारसँग जोडेर काम गर्दै आएको जनाएको छ । पुरस्कारले समुदायको नेतृत्वमा आधारित आवास समाधान तथा दिगो सहरी र ग्रामीण विकासका लागि संस्थाको प्रतिबद्धतालाई थप बलियो बनाएको साहले बताए ।

# कृषि उत्पादन ओसार्न अझै पनि गाडाकै भर



सप्तरी । मधेश प्रदेशको सप्तरी लगायतका जिल्लाका ग्रामीण भेगमा कृषिजन्य सामग्री ओसार्न अझै पनि गोरु गाडाकै भर पर्नुपरेको छ ।

मुख्य अन्नबाली धान, मकै र गहुँ लगायतका उत्पादन खेतबारीबाट घर पुर्याउन ग्रामीण क्षेत्रमा गोरुगाडा (बैलगाडा) प्रयोग हुँदै आएको छ । देशमा सुविधायुक्त नवीनतम यातायाताका साधन र प्रविधिको विकास भए पनि अझै पनि कतिपय ग्रामीण क्षेत्रमा कृषिजन्य सामग्री ओसार्ने गोरु गाडा निर्विकल्प साधनको रुपमा प्रयोग भइरहेको पाइन्छ ।

महदेवा गाउँपालिका-५ भगपतपुरका दशरथमण्डल परम्परादेखि बैलगाडामा सामान आोसार्ने कामलाई अहिले पनि निरन्तरता दिइरहेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, “मलाई याद भएदेखि घरमा बैलगाडा छ । दुई दशक अघिसम्म पनि टोलको अधिकांशको घरमा दुई वटा गोरु र बैलगाडा अनिवार्य हुन्थ्यो । कतै यात्रा गर्न, सामान ओसार्न, जन्तीजान, बेहुली ल्याउन पनि बैलगाडाकै प्रयोग हुन्थ्यो ।

तराईका जिल्लाका अधिकांश ग्रामीण क्षेत्रमा अहिले पनि हलो जोत्न, माटो सम्याउन, पराल दाइ गर्न बैल अर्थात गोरुकै प्रयोग हुँदै आएको राजविराज नगरपालिका-१३ का किशुनदेव यादवले बताउनुहुन्छ । सहरी र सुगम क्षेत्रमा भने प्रविधिको विकाससँगै खेत जोत्न, माटो सम्याउन, पराल दाइ गर्न ट्र्याक्टरको प्रयोग हुँदै आएको छ ।

उखु, धान, पराल, मल, रहरी, चना, तोरीलगायत कुटानी-पिसानीका बस्तु गोरु गाडामा राखेर ओसारपसार गर्ने कार्यले मधेसको ग्रामिण क्षेत्रको मौलिकता झल्केर दिने तिरहुत गाउँपालिका गोइठीकी मेरिना देवले बताउनुहुन्छ । उहाँले भन्नुभयो, “परम्परादेखि चली आएको बैलगाडा विगतमा ग्रामीण क्षेत्रको ऐतिहासिक र महत्त्वपूर्ण सवारीका रुपमा लिने गरिन्थ्यो । यसको प्रयोग खासगरी वर्षादको तुलनामा हिउँद महिनामा बढी प्रयोग गरिन्थ्यो ।” रासस

# जनकपुरधाममा एक्सट्रीम एनपीएल फ्यान जोन सञ्चालन हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । क्रिकेटप्रेमीका लागि जनकपुरधाममा एक्सट्रीम एनर्जी ड्रिंक्स एनपीएल फ्यान जोन सञ्चालन हुने भएको छ । नेपाल प्रिमियर लिग (एनपीएल) का सम्पूर्ण खेलहरू विशाल स्क्रिनमार्फत निःशुल्क रूपमा प्रत्यक्ष प्रसारण गरिने आयोजकले जनाएको छ ।




जनकपुरधामस्थित बाह्रबिघा रंगभूमि मैदानमा सञ्चालन हुने फ्यान जोनमा क्रिकेट हेर्नेबाहेक दर्शकहरूका लागि विभिन्न आकर्षक कार्यक्रमसमेत राखिएको छ । इन्टरएक्टिभ गेम, गिभअवे, सरप्राइज उपहार तथा विशेष अवसरमा लाइभ कन्सर्टको समेत व्यवस्था गरिने जनाएको छ ।

आयोजकका अनुसार फ्यान जोनले क्रिकेट समर्थकहरूलाई एकै स्थानमा भेला भएर आफ्नो मनपर्ने टोलीलाई समर्थन गर्ने तथा एनपीएलको उत्साहपूर्ण वातावरणको अनुभव गर्ने अवसर प्रदान गर्नेछ । साथीभाइसँगै खेल हेर्दै क्रिकेट उत्सव मनाउन सकिने भएकाले यस कार्यक्रमले जनकपुरमा क्रिकेटको माहोल थप रोमाञ्चक बनाउने अपेक्षा गरिएको छ ।

सो कार्यक्रममा प्रवेश पूर्ण रूपमा निःशुल्क रहने जनाएको छ । आयोजकले सबै क्रिकेटप्रेमीलाई फ्यान जोनमा उपस्थित भई बड्का स्क्रिनमा एनपीएलका खेलहरूको आनन्द लिन आग्रह गरेको छ ।

# नयाँ नवरंग होटल सञ्चालन

**टुडे समाचारदाता**

जनकपुरधाम । खानाका लागि जनकपुरधाममा प्रख्यात रहेका नवरंग होटलले सुविधा सम्पन्न आवाससहित नयाँ होटल सञ्चालनमा ल्याएको छ ।

नयाँ नवरंग होटल भनेर सञ्चालनमा आएको सो होटलको मंगलवार उद्घाटन गरिएको छ । सो होटलमा आवासका लागि प्रत्येक रुममा ५० प्रतिशत छुटको व्यवस्था गरिएको सञ्चालक प्रकाश भगतले जनाएको छ ।

होटलमा अत्याधुनिक व्यवस्था सहितको रुम, रेष्टुरेन्ट, सेमिनार हल, पार्किंग र रिफ्रेसमेन्ट पैलेससहितको व्यवस्था रहेको छ । होटलको थप आकर्षण भनेको माथिल्लो तल्लामा भ्यूटावरको व्यवस्था रहेको छ । सो भ्यूटावरबाट पुरै जनकपुरधामको अवलोकन गर्न सकिनेछ ।

होटलमा ३५ वटा कोठा रहेको छ । भगतका अनुसार सञ्चालनको अवसरमा हाल छुटसहित दुई हजारदेखि ३ हजार पांचसय रुपैयासम्मको रुमको व्यवस्था रहेको छ । यसका साथै गाडी चालकका लागि निशुल्क छुट्टै कोठाको व्यवस्था समेत रहेको छ ।

सञ्चालक भगतले भने जनकपुरधाम आउने पर्यटकलाई सबैभन्दा ठूलो समस्या गाडी चालकका लागि थप एउटा रुम लिनुपर्ने बाध्यता रहेको थियो । सो समस्या समाधानका लागि यस होटलमा चालकका लागि निशुल्क एसीसहितको छुट्टै रुमको व्यवस्था गरिएको उनले जानकारी दिए ।


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय जनकपुरका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०७/११ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले लिनुभएको बिभिन्न शिर्षक अन्तरगतको ऋण कर्जा रकम चुक्ता भुक्तान गर्ने समयवधी समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट कर्जा चुक्ता फछ्र्यौट गर्ने सम्बन्धमा पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय जनकपुरमा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०८/२३ गते बुधबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको **शाखा कार्यलय जनकपुरमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय धनुषाामा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७१/०५/०३ मा प्रा.फ.र.न. ६९१८/१०२/०७१/७२ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुरबाट मिति २०६८/१०/०६ मा करदताको नाम प्रदिप कुमार साह कारोवारको नाम न्यु साह ज्वेलर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ३०५३७९११७ को प्रमाणपत्र प्राप्त **श्री जानकी ज्वेलर्स ।**
**रजिष्ट्रड ठेगाना :** धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. ४ (साविक : जनकपुर न.पा., वडा नं. ४) ।

**प्रोप्राइटर तथा जमानतकर्ता : प्रदिप कुमार साह** (ना.प्र.नं.१७११०२/२९८४ जारी मिति २०६७/०४/२६, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।
ठेगाना : धनुषा जिल्ला, जनकपुर धाम उ.म.न.पा. वडा नं.४ (साविक : जनकपुर न.पा., वडा नं.४) ।
बाबु : गौरी शंकर साह तेली ।
बाजे : राजेन्द्र साह ।

**जमानतकर्ता : संजीब कुमार साह** (ना.प्र.नं. ३९६९५१२९ जारी मिति २०६२/१२/१८, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।
ठेगाना : धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं. ४ (साविक : जनकपुर न.पा., वडा नं. ४) ।
बाबु : गौरी शंकर साह तेली ।
बाजे : राजेन्द्र साह ।

**जमानतकर्ता : जसोदा तेलिन** (ना.प्र.नं.३९६९१०४५१ जारी मिति २०४५/०१/२३, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।
ठेगाना : धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा. वडा नं.४ (साविक : जनकपुर न.पा., वडा नं. ४) ।
बाबु : राजेन्द्र तेली ।
ससुराः राजेन्द्र साह । पति : गौरी शंकर साह ।

**लिलाम विक्री हुने धितो सम्पत्तिको विवरण :**

१. **जसोदा तेलिन**को नाममा मालपोत कार्यालय धनुषाामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ७ नक्सा सिट नं १३९५०७, कित्ता नं. ४४७ र २२२ क्षेत्रफल ०-०-०-२ र ०-०-१७-२ (बिघा)को घर/जग्गा, ऐ.ऐ. वडा नं. १०, नक्सा सिट नं १३५५१४, कित्ता नं. ४७१ क्षेत्रफल ०-०-५-० (बिघा)को घर/जग्गा र ऐ.ऐ. वडा नं. २, नक्सा सिट नं १३९५०५, कित्ता नं. ३० क्षेत्रफल ०-०-३-३ (बिघा) तथा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. **जसोदा तेलिन**को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, सखुवा गा.वि.स., वडा नं. ६, नक्सा सिट नं. ६घ स्थित कित्ता नं. २५४ क्षेत्रफल ०-०-१०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. ऋणी **श्री जानकी ज्वेलर्स**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय जनकपुर, धनुषाबाट** समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय जनकपुर, धनुषामा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

**प्रकाशित मिति : २०८३/०७/११ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक**

यस विकास बैंकको शाखा कार्यालय रुपनी, सप्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८३/०७/१७ गते/स्थान : शाखा कार्यालय रुपनी, सप्तरी | २०८३/०७/१९ गते, बिहीबार दिनको ३ बजे |

**क्र.सं. शाखा कार्यालय : रूपनी, सप्तरी**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : सप्तकोशी इन्टिग्रेटेड एग्रो फार्म प्रा.लि.**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं
दर्ता नं. २३३२५७/०७६/०७७, दर्ता मिति : २०७६/१०/१३, पान नं. ६०९७१०६१०, दर्ता मिति : २०७७/०३/३१
ठेगाना : सप्तरी जिल्ला, सप्तकोशी न.पा. वडा नं. ७
**शेयरधनी तथा संस्थापकहरु : प्रभु नारायण चौधरी, उमाकान्त चौधरी, संजिव कुमार चौधरी र पंचदेव चौधरी**

**ऋणी तथा जमानतकर्ताको विवरण**

**१. नाम : प्रभु नारायण चौधरी**
ना.प्र.नं. १६४६८९, जि.प्र.का. सप्तरी
जारी मिति : २०४७/०६/०४
बाबुको नाम : फुली दास चौधरी
बाजेको नाम : फेकु दास चौधरी
ठेगाना : सप्तरी जिल्ला, मोहनपुर गा.वि.स. वडा नं. ७
हाल : सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा. नं. ६

**२. नाम : उमाकान्त चौधरी**
ना.प्र.नं. ५८०५, जि.प्र.का. सप्तरी
जारी मिति : २०५४/०४/०९
बाबुको नाम : पुहुपलाल चौधरी
बाजेको नाम : बुधन चौधरी
ठेगाना : सप्तरी जिल्ला, जण्डौल गा.वि.स. वडा नं. २
हाल : सप्तरी जिल्ला, अगनीसाईर कृष्णासवरन गा.पा. वडा नं. १

**जमानतकर्ताको विवरण**

**१. नाम : संजिव कुमार चौधरी**
ना.प्र.नं. ०३२०३७६४, जि.प्र.का. सप्तरी
जारी मिति : २०५०/१२/०५
बाबुको नाम : कोशीलाल चौधरी
बाजेको नाम : मिठु लाल चौधरी
ठेगाना : सप्तरी जिल्ला, ओद्रहा गा.वि.स. वडा नं. ६
हाल : सप्तरी जिल्ला, सप्तकोशी न.पा. वडा नं. ७

**२. नाम : सीता चौधरी**
ना.प्र.नं. १६-०१-७-०००४२, जि.प्र.का. सप्तरी
जारी मिति : २०७०/०१/०४,
पतिको नाम : प्रभु नारायण चौधरी
ससुराको नाम : फुली दास चौधरी
ठेगाना : सप्तरी जिल्ला, मोहनपुर गा.वि.स. वडा नं. ७
हाल : सप्तरी जिल्ला, शम्भुनाथ न.पा. वडा नं. ७

**३. नाम : पंचदेव चौधरी**
ना.प्र.नं. ५३५६, जि.प्र.का. सप्तरी
जारी मिति : २०४६/१२/२७
बाबुको नाम : अच्छालाल चौधरी
बाजेको नाम : छुतहरु दास चौधरी
ठेगाना : सप्तरी जिल्ला, जण्डौल गा.वि.स. वडा नं. २
हाल : सप्तरी जिल्ला, अगनीसाईर कृष्णासवरन गा.पा. वडा नं. १

**४. नाम : अन्जना कुमारी चौधरी**
ना.प्र.नं. १४३०१०, जि.प्र.का. उदयपुर
जारी मिति : २०७०/०२/०९
पतिको नाम : उमाकान्त चौधरी
ससुराको नाम : पुहुपलाल चौधरी
ठेगाना : उदयपुर जिल्ला, हडिया गा.वि.स. वडा नं. ८
हाल : सप्तरी जिल्ला, अगनीसाईर कृष्णासवरन गा.पा. वडा नं. १

**५. नाम : उमा देवी थरुनी**
ना.प्र.नं. १०३३, जि.प्र.का. सप्तरी, जारी मिति : २०४३/१०/२२
पतिको नाम : पुहुपलाल चौधरी, ससुराको नाम : बुधन चौधरी
ठेगाना : सप्तरी जिल्ला, जण्डौल गा.वि.स. वडा नं. ४, हाल : सप्तरी जिल्ला, अगनीसाईर कृष्णसवरन ग.पा. वडा नं. १

**धितोको विवरण**

१. संजिव कुमार चौधरीको नाममा मालपोत कार्यालय कञ्चनपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, ओद्रहा गा.वि.स. वडा नं. ६ स्थित किता नं. ६९३ र ४४ को क्षेत्रफल क्रमशः ३-३-८.५-० र ०-११-८-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापत समेत ।
२. सप्तकोशी इन्टिग्रेटेड एग्रो फार्म प्रा.लि. को नाममा मालपोत कार्यालय कञ्चनपुर, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, रुपनगर वडा नं. ३ स्थित किता नं. १०६०, १०१३, १०६१, १०५५, १०५९, १०५४, १०५६, १०६२, १०१४, १०५७, १०६५ र १०६३ को क्षेत्रफल क्रमश : ०-०-१०-०, ०-१-०-०, ०-०-१०-०, ०-०-१०-०, ०-०-७.५-०, ०-०-१०-०, ०-२-१०-०, ०-६-०-०, ०-२-१०-०, ०-०-७.५-०, ०-१-५-० र ०-०-६-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. उमा देवी थरुनीको नाममा मालपोत कार्यालय राजविराज, सप्तरी दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, जण्डोल गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ७८१ र क्षेत्रफल ०-१-५ (बिघा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
४. रिता कुमारी चौधरीको नाममा मालपोत कार्यलय राजविराज, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, जण्डोल गा.वि.स. वडा नं. २ स्थित किता नं. १०७ को क्षेत्रफल ०-१-१० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
५. ज्योति विकास बैंकको नाममा यातायात ब्यबस्थापन कार्यालय ललितपुर, नेपालमा दर्ता कायम रहेको प्रदेश ३-०१-०३३ च ७९५३ च्यासिस नं. MDHFDAD15K1002217, ईन्जीन नं. E031532 भएको Nissan Kick XV Pre(O) सवारी साधन थान १ ।

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालयः का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# तत्कालिन नगरप्रमुखसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

लहान । सिरहाको गोलबजार नगरपालिकाका तत्कालीन नगरप्रमुखसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । नगरपालिकामा पशु हाटबजार, बाख्रा हाटबजार र गुदरी हाटबजारको राजस्व संकलनमा अनियमितता गरेको आरोपमा उनीहरुविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको हो ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नगरपालिकाका तत्कालीन नगरप्रमुख देवनाथ साहु तेली, उपप्रमुख रेशम कुमारी थापा तथा तत्कालीन प्रमुख प्रशासकीय अधिकृतद्वय श्रीधर केसी र अनन्तकुमार पौडेलविरुद्ध विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरेको हो ।

आयोगका अनुसार आर्थिक वर्ष २०७७/७८ र २०७८/७९ मा नगरपालिकाको वडा नम्बर ६ र ७ मा रहेका पशु हाटबजार, बाख्रा हाटबजार र गुदरी हाटबजार सञ्चालन तथा राजस्व सङ्कलनका क्रममा अनियमितता भएको उजुरी परेपछि अनुसन्धान गरिएको थियो ।

अनुसन्धानका क्रममा नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ मा बुझ्ाउनुपर्ने राजस्वमध्ये २७ लाख ३४ हजार ९१३ रुपैयाँ गैरकानुनी रूपमा छुट दिएको र आर्थिक वर्ष २०७८/७९ मा एक करोड ३३ लाख ११ हजार ४३१ रुपैयाँ १० पैसा राजस्व असुल नगरेको आयोगको दाबी छ ।

आयोगका अनुसार दुवै आर्थिक वर्षमा गरी कुल एक करोड ६० लाख ४६ हजार ३४४ रुपैयाँ १० पैसा बराबरको सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी भएको देखिएको छ ।

नगर कार्यपालिकाको २०७८ साउन ४ गतेको बैठकबाट प्रचलित कानुन तथा आर्थिक ऐनविपरीत राजस्व छुट दिने निर्णय गरिएको र साउन १४ गतेको बैठकबाट प्रतिस्पर्धाबिनै अमानतमा राजस्व सङ्कलनको जिम्मेवारी वीरेन्द्रकुमार यादवलाई दिने निर्णय गरिएको आयोगको आरोप छ ।

आयोगले राजस्व असुल गरी नगरपालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्नेमा नगरेको तथा सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी पुर्‍याई गैरकानुनी लाभ लिने बदनियत राखेर काम गरेको निष्कर्ष निकालेको छ ।

आरोपपत्रमा तत्कालीन नगरप्रमुख तेली, उपप्रमुख थापा र प्रमुख प्रशासकीय अधिकृत श्रीधर केसीविरुद्ध जनही एक करोड ६० लाख ४६ हजार ३४४ रुपैयाँ १० पैसा बिगो कायम गरिएको छ । अर्का तत्कालीन प्रमुख प्रशासकीय अधिकृत अनन्तकुमार पौडेलविरुद्ध भने एक करोड ३३ लाख ११ हजार ४३१ रुपैयाँ १० पैसा बिगो कायम गरिएको छ ।

आयोगले भ्रष्टाचार निवारण ऐन, २०५९ को सम्बन्धित प्रावधानअनुसार कैद, बिगोबमोजिम जरिवाना र बिगो असुलउपर गर्न मागदाबी गरेको छ । तत्कालीन नगरप्रमुख तेलीलाई सार्वजनिक पदमा रही गरेको कसुरका आधारमा थप सजाय गर्नसमेत माग गरिएको आयोगले आयोगले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

## जनकपुर र विराटनगरको असफल शुरुवात

# १९ रनले कर्णाली र ८ रनले चितवन विजयी

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल प्रिमियर लिग (एनपीएल) तेश्रो संस्करणमा कर्णाली याक्सले विजयी सुरुवात गरेको छ। कर्णालीले दिएको १३३ रनको लक्ष्य पछ्याएको जनकपुर ३ बल अगावै ११३ रनमा सिमित भई १९ रनले पराजित भयो।




जनकपुरका लागि अभिषेक तिवारीले सर्वाधिक २० रन बनाएपनि जित दिलाउन सकेनन् । कप्तान हरमीत सिंह र मोइन अलीले समान १९ रन बनाए। जिम्मी निशम १५, मायन यादव १४, तृतराज दास एक, अनिलकुमार शाह ११, कुशल परेवा ६ र आदित्य मेहता कुनै पनि रन नजोडी आउट भए। ललित राजवंशी एक रनमा आउट हुँदा राहुल यादव एक रनमा अविजित रहे ।

बलिङमा कर्णालीका युनिस ठकुरी र हुसेन तलतले समान ३ विकेट लिए । युनिसले ४ ओभरमा एक मेडनसहित ३ विकेट लिएका हुन् । उनले एकै ओभरमा जनकपुरका कप्तान हर्मीत र जिमीलाई आउट गर्दै खेल कर्णालीको पकडमा ल्याएका थिए । नन्दन यादवले दुई र कप्तान सोमपाल कामीले एकएक विकेट लिए।

त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको कर्णालीले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १३२ रन बनाएको थियो। कर्णालीका ओपनर अरिफुल इस्लामले सर्वाधिक ४३ रन बनाएका थिए । उनले २९ बलमा ४ चौका प्रहार गरेका थिए।

कर्णालीले सुरुवातबाटै विकेट गुमाउन पुग्यो । पहिलो ओभरको अन्तिम बलमा कर्णालीका ओपनर मार्क वाट एक रन जोडेर पभेलियन फर्किए । ४ रनमा पहिलो विकेट गुमाएको कर्णालीले थप १४ रन जोड्दो दोस्रो विकेट गुमाउन पुग्यो ।

डेब्यु गरेको जनकपुरका आइकोनिक प्लेयर राहुल यादवले पहिलो बलमै विकेट लिँदै दीपक डुम्रेलाई १३ रनमा आउट गराए। कर्णालीले ३७ रन जोड्दा तेस्रो विकेट गुमायो। हुसेन तलत ३ रन जोडेर आउट भए। त्यसपछि पवन सर्राफ र अरिफुल इस्लामले कर्णालीको ब्याटिङ उकास्ने प्रयास गरे। उनीहरुले चौथो विकेटका लागि ४२ रनको साझेदारी गरे।

अरिफुल २९ बलमा ४३ र पवन ३७ बलमा ३७ रन बनाएर आउट भए। त्यसपछि अक्बर अली एक, कप्तान सोमपाल कामी एक र गुल्सन झाले १२ रन बनाए। नन्दन यादव ९ रनमा आउट हुँदा युवराज खत्री र युनिश ठकुरी अविजित रहे।

बलिङमा जनकपुरका कप्तान हरमीत सिंहले ३ विकेट लिए। मोइन अली र राहुल यादवले दुई/दुई र ललित राजवंशीले एक विकेट लिए । एनपीएलमा मंगलबार पोखरा एभेन्जर्स र सुदूरपश्चिम रोयल्सबिच साँझ ५ बजे हुनेछ।

यसैबीच पहिलो चरणमा भएको खेलमा चितवन राइनोजले विराटनगर किंग्सलाई ८ रनलाई हराएको छ। चितवनले दिएको १५८ रनको लक्ष्य पछ्याएको विराटनगर १९ ओभर ३ बलमा १४९ रनमा समेटिएको थियो।

विराटनगरका लागि चितवनका बलर कमलसिंह ऐरी घातक बनेका थिए। ४ ओभर बलिङ गरेको कमलले २६ रन खर्चेर ४ विकेट लिन सफल भएका थिए । रञ्जित कुमार, मौसम ढकाल, टम टेलर र डान मोस्लीले एकएक विकेट लिए। १८औं ओभरमा लगातार दुई विकेट लिँदै कमलले खेल चितवनतर्फ फर्काएका थिए।

## आयोगका अध्यक्ष गुरागाईले दिए राजीनामा




**टुडे समाचारदाता**

विराटनगर। कोशी प्रदेश लोक सेवा आयोगका अध्यक्ष महेन्द्रप्रसाद गुरागाईंले आफ्नो पदबाट राजीनामा दिएका छन्। विभिन्न आर्थिक तथा पदीय अनियमितता र स्वार्थको द्वन्द्वसम्बन्धी गम्भीर आरोप लाग्न थालेपछि उनले राजीनामा दिएका हुन्।

गम्भीर प्रश्न उठेपछि दबाबमा परेका अध्यक्ष गुरागाईंले मंगलबार आफ्नो पदबाट लिखित राजीनामा प्रदेश प्रमुखसमक्ष पेस गरेका थिए। प्रदेश प्रमुखको कार्यालयका अनुसार अध्यक्ष गुरागाईंले बुझाएको राजीनामा पत्र प्रदेश प्रमुख पर्शुराम खापुङ्गले स्वीकृत गरिसकेका छन्।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३ को उपदफा (९) को खण्ड (क) मा प्रदत्त अधिकार र कानुनी व्यवस्थाबमोजिम प्रदेश प्रमुख खापुङ्गले उक्त राजीनामा आगामी २०८३ कात्तिक १६ गतेदेखि लागू हुने गरी स्वीकृत गरेका हुन्।

संवैधानिक र स्वायत्त निकायका प्रमुखमाथि नै गम्भीर प्रश्न उठेको यस घटनाले कोशी प्रदेशको राजनीतिक तथा प्रशासनिक वृत्तमा ठूलो हलचल पैदा गरेको छ।

# दुई लाखभन्दा बढीको नाम मतदाता नामावलीबाट हटाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका धनुषासहित देशैभरिबाट दुई लाख तीन हजार ५८६ जनाको नाम मतदाता नामावलीबाट हटाइएको छ । मृत्यु भएका, दोहोरो नाम परेका र नागरिकता त्यागेका लगायतका व्यक्तिहरुको नाम मतदाता नामावली सूचीबाट हटाइएको जनाइएको छ ।




मृत्यु भएकाहरू ४५ हजार ३२२ जना रहेका छन् । एक लाख ५८ हजार २६४ जना मतदाताको भने दोहोरो परेको, रद्द भएको वा त्याग गरेकोसँग सम्बन्धित छ । दुवै गरेर कूल दुई लाख तीन हजार ५८६ जनाको नाम मतदाता नामावलीबाट हटाइएको निर्वाचन आयोगले जनाएको छ।

मतदाता नामावलीबाट हटाइएका जिल्लाहरूमा झापा, मोरङ, सप्तरी, कैलाली लगायतका जिल्लाका धेरै रहेका छन् । मोरङ जिल्लामा मृत्यु भएका ६१० जना र दोहोरो परेको, रद्द भएको वा त्याग गरेका ९ हजार ५२१ जनाको नाम मतदाता नामावलीबाट हटाइएको हो ।

सप्तरीमा मृत्यु भएका ६ हजार ३०१ जनाको नाम मतदाता नामावलीबाट हटेको छ भने यो जिल्लाका ४ हजार ८७ जनाको नाम दोहोरो परेको, रद्द भएको वा त्याग गरेको आधारमा नामावलीबाट हटेको छ । धनुषामा ३६९ जनाको मृत्यु भएका कारण मतदातानामावलीबाट नाम हटेको छ । यो जिल्लामा दोहोरो परेको, रद्द भएको वा त्याग गरेकाहरू ४ हजार ४४८ जना रहेका छन् ।

झापा जिल्लामा मृत्यु भएका ८३४ र दोहोरो परेको, रद्द भएको वा त्याग गरेका ६ हजार १८८ जनाको नाम मतदाता नामावलीबाट हटेको छ। सुनसरी जिल्लामा मृत्यु भएका ७९८ र दोहोरो परेको, रद्द भएको वा त्याग गरेका ४ हजार ७६२ जना छन् ।

रौतहटमा मृत्यु भएका २ हजार ५१४ र दोहोरो परेको, रद्द भएको वा त्याग गरेको आधारमा ४ हजार १५१ जनाको नाम मतदाता नामावलीबाट नामावलीबाट हटेको छ ।

पाल्पामा मृत्यु भएका ३ हजार ४४ जना र दोहोरो परेको, रद्द भएको वा त्याग गरेको आधारमा १ हजार ६८५ जनाको नामावलीबाट हटेको छ । रुपन्देहीमा मृत्यु भएका १८१ र दोहोरो परेको, रद्द भएको वा त्याग गरेका ४ हजार ३६१ जना रहेका छन्।

कैलालीमा मृत्यु भएका १ हजार ३९ जनाको नाम नामावलीबाट हटेको छ। यो जिल्लामा दोहोरो परेको, रद्द भएको वा त्याग गरेका ६ हजार ५२५ जना रहेका छन्। २१ फागुन २०८२ मा भएको प्रतिनिधि सभा निर्वाचनमा कुल मतदाता संख्या १ करोड ८९ लाख ३ हजार ६८९ जना थिए। यसमा नामावली अद्यावधिक गर्ने क्रममा २ लाख ३ हजार मतदाता नामावलीबाट हटाइएका हुन् ।

आयोगका अनुसार गत भदौ १५ गतेसम्म १८ वर्ष उमेर पूरा भएका र नयाँ नाम दर्ता गराएका एक लाख ८७ हजार ६८६ जना मतदाता नामावलीमा थप भएका छन् । निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नारायण प्रसाद भट्टराईका अनुसार स्थानीय तह र प्रदेशसभा निर्वाचनको पूर्वतयारी स्वरूप मतदाता नामावली अद्यावधिक गरिरहेको छ ।

उनका अनुसार इलेक्सन प्रिपेसन अन्तर्गत मतदाता नामावली अद्यावधिकको कार्य चलिराखेको हो। निर्वाचन आयोगले आगामी स्थानीय तह निर्वाचन अघि मतदाताहरूलाई आफ्नो राष्ट्रिय परिचयपत्र र मोबाइल नम्बर अद्यावधिक गर्न लगाउने तयारी गर्दैछ।

पछिल्लो समय नामावली दर्ता गराएका मतदाताहरूको राष्ट्रिय परिचयपत्र पनि समावेश छन् । तर, पहिल्यै दर्ता गराएका मतदाताको राष्ट्रिय परिचयपत्र नम्बर समावेश छैन । आयोगले राष्ट्रिय परिचयपत्रको विवरण राख्ने निर्णय गरिसकेको छ । यसका लागि सम्बन्धित निकायसँग समझदारीपत्रमा हस्ताक्षर गर्ने तयारी छ।

# सतर्कता अपनाउन महोत्तरीवासीलाई आग्रह

**टुडे समाचारदाता**

जलेश्वर । जिल्ला प्रशासन कार्यालय महोत्तरीले सम्भावित चक्रवात आँधी र भारी वर्षाका कारण जनजीवन तथा कृषि क्षेत्रमा असर पर्न सक्ने भन्दै जिल्लावासीलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।



जिल्ला प्रशासन कार्यालय महोत्तरीले जारी गरेको सूचनाअनुसार कार्तिक ११ गते बुधबारदेखि कार्तिक १५ गते आइतबारसम्म मौसम प्रभावित हुन सक्ने अनुमान गरिएको छ । उक्त अवधिमा भारी वर्षा हुँदा नदी तथा खोलामा पानीको बहाव बढ्ने, बाढी, डुबान, पहिरो तथा गेग्रान बहावको जोखिम रहनुका साथै सडक र हवाई यातायातसमेत प्रभावित हुन सक्ने जनाइएको छ।

सम्भावित वर्षाबाट धानबालीमा क्षति पुग्न सक्ने जोखिमलाई ध्यानमा राख्दै प्रशासनले किसानलाई कार्तिक १२ गते बिहीबारअघि नै खेतमा पाकेको धान काट्न र भित्र्याउन आग्रह गरेको छ । काटिसकेको धानलाई समेत पानीबाट जोगिने सुरक्षित स्थानमा राख्न अनुरोध गरिएको छ।

त्यस्तै, खराब मौसमका कारण यात्रा प्रभावित हुन सक्ने भएकाले यात्रामा निस्कनुअघि आधिकारिक मौसम पूर्वानुमान तथा यातायातसम्बन्धी सूचना लिन प्रशासनले आग्रह गरेको छ । मेघगर्जन र चट्याङसहित वर्षा भइरहेका बेला पक्की घरभित्र बस्न तथा रुख, बिजुलीका पोल र खुला स्थानमा नबस्न पनि सूचनामार्फत अनुरोध गरिएको छ।

बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती महिला तथा बिरामीको सुरक्षामा विशेष ध्यान दिन प्रशासनले आग्रह गरेको छ।

सम्भावित विपद्बाट सुरक्षित रहन नेपाल मौसम विज्ञान विभाग, संघीय तथा प्रदेश सरकार, स्थानीय तह र सुरक्षा निकायबाट जारी हुने आधिकारिक पूर्वसूचना तथा चेतावनी नियमित रूपमा लिन र सम्बन्धित निकायका निर्देशन पालना गर्नसमेत प्रशासनले अनुरोध गरेको छ।

विपद्को जोखिममा परेका नागरिकलाई आवश्यक सहयोग तथा सूचना लिन वर्षा र बाढीसम्बन्धी जानकारीका लागि ११५५, विपद् सहायताका लागि १२३४, नेपाल प्रहरीका लागि १०० र सशस्त्र प्रहरी बलका लागि ११९४ नम्बरमा सम्पर्क गर्न सकिने सूचनामा उल्लेख छ।

नेपाल मौसम विज्ञान विभागले जारी गरेको विशेष मौसमी बुलेटिन अनुसार बंगालको खाडीमा विकसित न्यून चापीय क्षेत्र शक्तिशाली बन्दै चक्रवात आँधीमा परिणत हुन सक्ने र त्यसको प्रभावले नेपालको मौसमसमेत प्रभावित हुन सक्ने सम्भावना रहेकाले सतर्कता अपनाउन सूचना जारी यसअघि नै गरिसकेका छन्।

# घुमुवा प्रहरीको नाममा ठगी गर्ने पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । घुमुवा प्रहरी रहेको भन्दै भन्सार छलीका सामान पास गराइदिने प्रलोभन देखाएर रकम असुली गरेको आरोपमा पर्साबाट एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा पर्साको पोखरिया नगरपालिका-५ निवासी ५१ वर्षीय अशोककुमार वर्णवाल रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार वर्णवालले आफू नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको घुमुवा भएको र सुरक्षाकर्मीसँग राम्रो चिनजान रहेको भन्दै भन्सार छली तथा चोरी-तस्करीका सामान सजिलै पास गराइदिने आश्वासन दिने गरेका थिए ।

सामान पास गराउन रकम नदिए पक्राउ गराइदिने धम्की दिँदै रकम असुल्ने तथा बिचौलियाको काम गर्ने गरेको सूचनाका आधारमा प्रहरीले उनलाई पक्राउ गरेको जनाएको छ । वर्णवाललाई गत कात्तिक ६ गते पोखरिया नगरपालिका-५ बाट पक्राउ गरेको र उनीमाथि कानुनबमोजिम म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार वर्णवालले नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालको सेवामा जागिर लगाइदिने भन्दै विभिन्न व्यक्तिबाट रकम लिएको भन्ने विषयमा समेत अनुसन्धान अगाडि जनाएको छ।

# जनकपुरधाममा अन्तर्राष्ट्रिय वैज्ञानिक सम्मेलन हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा दुईदिने अन्तर्राष्ट्रिय वैज्ञानिक सम्मेलन आयोजना हुने भएको छ । राजर्षि जनक विश्वविद्यालय अन्तर्गत विज्ञान, प्रविधि तथा इन्जिनियरिङ संकायले सो सम्मेलन आयोजना गर्ने निर्णय गरेको हो ।



वैज्ञानिक अनुसन्धान, विज्ञान तथा प्रविधिको विकास र इन्जिनियरिङ क्षेत्रका नवीनतम उपलब्धिबारे छलफल गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको हो । सम्मेलनले स्वदेशी तथा विदेशी वैज्ञानिक, अनुसन्धानकर्ता र प्राज्ञिक क्षेत्रका व्यक्तिबीच ज्ञान, अनुभव तथा अनुसन्धानका निष्कर्ष आदानप्रदान गर्ने अवसर प्रदान गर्ने विश्वास गरिएको छ ।

विज्ञान तथा प्रविधिको क्षेत्रमा भइरहेका नवीनतम विकासबारे विमर्श गर्दै अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहन गर्न सम्मेलन महत्त्वपूर्ण हुने विश्वास गरिएको छ । त्यसबाट विश्वविद्यालयको शैक्षिक तथा अनुसन्धान गतिविधिलाई थप प्रभावकारी बनाउनसमेत सहयोग पुग्ने विश्वविद्यालयको विश्वास छ।

सम्मेलनको मिति, सहभागी वैज्ञानिकहरूको विवरण तथा प्रस्तुत गरिने अनुसन्धानपत्र लगायतका विषयमा भने थप जानकारी सार्वजनिक हुन बाँकी छ।

# अनाधिकृत संरचना निर्माण नगर्न गुठीको आग्रह

**टुडे समाचारदाता**

जलेश्वर । गुठी संस्थान मातहतका जग्गामा अनाधिकृत संरचना निर्माण, अतिक्रमण तथा रुख कटान नगर्न गुठी संस्थान शाखा कार्यालय महोत्तरीले सर्वसाधारणलाई आग्रह गरेको छ ।

कार्यालयले एक सूचना जारी गर्दै गुठी जग्गामा अनुमति नलिई निर्माण कार्य गर्ने, जग्गा अनधिकृत रूपमा भोगचलन गर्ने तथा त्यहाँ रहेका बोटबिरुवा र रुख काट्ने कार्य गैरकानुनी हुने भन्दै यस्तो आग्रह गरेका हुन् ।

गुठी संस्थानको स्वामित्व तथा रेखदेखमा रहेका जग्गाहरू धार्मिक, सांस्कृतिक र सार्वजनिक महत्त्वका सम्पत्ति भएको उल्लेख गर्दै कार्यालयले पछिल्लो समय केही व्यक्ति तथा समूहबाट त्यस्ता जग्गामा अनधिकृत गतिविधि भइरहेको जानकारी प्राप्त भएको जनाएको छ ।

कार्यालयका अनुसार लिखित अनुमति र आवश्यक कानुनी प्रक्रिया पूरा नगरी गुठी जग्गामा कुनै पनि प्रकारको संरचना निर्माण गर्न, जग्गा अतिक्रमण गर्न वा अन्य अनधिकृत गतिविधि गर्न पाइने छैन । त्यस्तै, गुठी जग्गाभित्र रहेका साना-ठूला रुख, बुट्यान तथा अन्य वनस्पति पनि सम्बन्धित निकायको पूर्वस्वीकृतिबिना काट्न, उखेल्न वा नष्ट गर्न निषेध गरिएको छ ।

सूचनाको उल्लंघन गरी गुठी जग्गामा अतिक्रमण गर्ने, अनधिकृत संरचना निर्माण गर्ने वा रुख कटान गर्ने व्यक्तिमाथि प्रचलित गुठीसम्बन्धी कानुन तथा स्थानीय प्रशासन ऐनबमोजिम कानुनी कारबाही गरिने कार्यालयले चेतावनी दिएको छ ।

यस्ता कार्यबाट भएको हानिनोक्सानीसमेत सम्बन्धित व्यक्ति वा पक्षबाट असुलउपर गरिने सूचनामा उल्लेख छ । गुठी जग्गा तथा सम्पत्तिको संरक्षण गर्नु सबैको साझा दायित्व भएको जनाउँदै कार्यालयले यस्ता गैरकानुनी गतिविधि भएको देखेमा तत्काल गुठी संस्थानको शाखा कार्यालय वा नजिकैको प्रहरी चौकीमा जानकारी गराउन सर्वसाधारणसँग अनुरोध गरेको छ ।कार्यालयले धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र गुठी सम्पत्तिको उचित व्यवस्थापनका लागि सबै पक्षलाई सहयोग गर्न समेत आग्रह गरेको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८